कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
# कृषि बिकास निर्देशनालय
वीरेन्द्रनगर, सुर्खेत

प.स:२०७७/०७८

च.न:

मिति:२०७७/०९/०८

## कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हानको सूचना

कृषि विकास निर्देशनालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर सुर्खेतको आर्थिक बर्ष ०७७/०७८ को स्वीकृत कार्यक्रम अनुसार तपसिल कार्यक्रम रहेको हुँदा सुर्खेत जिल्लाका कृषि व्यबसायमा संलग्न ईच्छुक कृषक, कृषक समुह, कृषि सहकारी, उद्यमी, निजि फर्म तथा व्यवसायीबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र यस कार्यालयमा तपशिल अनुसारका कागजातहरु संलग्न राखि आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ । यस सम्वन्धी थप जानकारीका लागि कृषि विकास निर्देशनालय, सुर्खेतको फोन नं. ०८३५२०१८१ र ०८३५२०३०५ मा सम्पर्क गर्न, साथै website: doad.karnali.gov.np मा पनि हेर्न सकिने छ ।

तपसिल:

१ नमूना फलफूल (आँप र केरा) पकेट विकास कार्यक्रम
२ केरा तथा आँपको विरुवा/वेर्ना वितरण कार्यक्रम
३ व्यवसायिक वर्षे फलफूल नर्सरी श्रोत केन्द्र स्थापना (सुन्तला/कागती/अन्य)

२०७७/०९/०८

चित्र बहादुर रोकाय
(वरिष्ठ कृषि अर्थ विज्ञ)
नि. निर्देशक

आवश्यक कागजातहरु:

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।
२. कृषि व्यवसायमा आवद्ध सम्वन्धित सहकारी तथा कृषक समुहले सूचना अवधिभित्र लागत सहभागितामा कार्यक्रम संचालनल गर्न सहकारीको हकमा संचालक समितिको र अन्यको हकमा संस्थागत निर्णय र विनियम वा विधानको प्रतिलिपी ।
३. कृषि व्यबसाय गर्ने अनुसुचि अनुसारको प्रस्तावना ।
४. निजि फर्मको हकमा गत आ.व. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन फोटोकपी ।
५. निजि फर्मको हकमा गत आ.व.सम्म कर बुझाएको वा कर छुट भएको भए सम्वन्धित कार्यालयको प्रमाण ।
६. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी ।
७. प्रतिवद्धता पत्र ।
८. अन्य आवश्यक कागजातहरु ।

प्राविधिक मापदण्ड

- आँप र केरा खेती गर्नको लागि उपयूक्त स्थान हुनु पर्नेछ ।
- व्यात्तिगत फलफूल खेतीका लागि २ रोपनी तथा समूह र सहकारीको हकमा १ हेक्टर जमिनमा खेति गर्नु पर्नेछ ।
- व्यवसायिक वर्षे फलफूल नर्सरी श्रोत केन्द्र स्थापना (सुन्तला/कागती/अन्य) का लागि नर्सरी मापदण्ड पुरा गरेको हुनु पर्नेछ ।

वेवसाईड: doad.karnali.gov.np ईमेल: doadsurkhet@gmail.com फोन न:०८३-५२०३०५/५२०१८१